**सम्मानित गाउँसभाका उपाध्यक्षज्यू,**

गाउँसभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । बार्षिक नीति तथा कार्यक्रम तर्जुमा क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई, दिदी, बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध चक्रघट्टा गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका, वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले अगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार र निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी जलवायु उत्थानशील तथा दिगो स्थानीय, आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

चक्रघट्टा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न योजनावद्ध रुपमा सफा, सुन्दर, स्वच्छ, सुलभ यातायातको साथै आर्थिक विकासमा कृषि कार्यको लागि सिंचाईमा लगानी, उद्यमशीलतामा अभिवृद्धि, लैंगिक समानता तथा समावेशिकरण, युवा रोजगारी प्रवर्द्धन, जेष्ठ नागरिक तथा बालबालिकालाई विशेष संरक्षण एवं सुरक्षा, शिक्षा तथा स्वास्थ्य कार्यक्रमको चौतर्फी विकासका लागि अधिकतम प्रयास गर्न यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहेको छ ।

**विद्यमान परिवेश :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः रसिया युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएकोछ।आन्तरिक र वाह्य वसाईसराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

चक्रघट्टा गाउँपालिका अन्तरगत रहेका लखनदेही र ढंगरा खोलामा बर्षायामको समयमा अधिकतम पानी प्रवाह हुँदा गाउँ तथा बस्ती डुबान हुने र गाउँपालिका अन्तरगत रहेका खेती योग्य जमिन कटान तथा डुबान हुने सम्भावना रहेको

छ। यसको लागि हामीले खोला नियन्त्रण गर्न सम्बन्धित निकायमा विशेष पहल गर्नुपर्ने अवस्था देखिएको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तीब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् ।

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. स्थानीय आवश्यकता अनुसार विकास निर्माण कार्यको लागि योजना निर्माण गर्न सक्नु।
६. स्थानीय रोजगारी सृजनाको लागि सीपमूलक तालिम तथा उद्यमशीलता प्रवर्द्धनको अवसर हुनु।
७. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
८. घरहरूको निर्माणमा भवनसंहिता पालना गरी नक्सापास गराउनु ।
९. उर्वर खेती योग्य जमिन हुनु ।
१०. कृषि तथा पशु व्यवसायकरण हुनु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन् ;

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन र मलखाद समयमा उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना , डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१३. विकास योजनाका लागि पर्याप्त आर्थिक स्रोत नभई संघीय तथा प्रदेश सरकारको अनुदानमा बढी निर्भर रहनु ।

१४. योजनाहरु समयमै सम्पन्न नहुँदा गुणस्तरीय कार्यको अनुगमन तथा मूल्यांकनमा कठिनाई हुनु ।

१५. विकासभन्दा राजनीतिक स्वार्थलाई प्राथमिकताले गर्दा निर्णय प्रक्रियामा विवाद तथा असहमति हुनु ।

चक्रघट्टा गा.पा. को गाउँसभाको १७ औं अधिवेशन २०८०/०८१

आ.व. २०८३/०८४ को अनुमानित आय व्यय विवरण र नीति तथा कार्यक्रम :

प्रस्तावित आय व्यय अनुमान रकम :

१. अगामी आ.व. २०८३/०८४ मा आन्तरिक राजश्वबाट रु.६३ लाख, संघीय सरकारको राजश्व बाँडफाँडबाट रु.९ करोड ३१ हजार, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु.४१ लाख ७ हजार, गत सालको अल्या रु.२ करोड, संघीय सरकारको वित्तिय समानीकरण अनुदान रु.९ करोड ५६ लाख, सम्पूरक अनुदान रकम रु. १ करोड ५ लाख, विशेष अनुदान (पूँजीगत) रु.१ करोड, सशर्त अनुदान (चालु) रकम रु.१२ करोड ६९ लाख, सशर्त अनुदान (पूँजीगत) रकम रु.७८ लाख र प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु.६५ लाख ७२ हजार तथा RDC Nepal को रु.५४ लाख ३७ हजार, RRPK को रु.१ करोड ४० लाख, Aasma Nepal को रु.३२ लाख ५६ हजार, सामुदायिक दिगो विकास समाजको रु.१० लाख गरी कुल बजेट रकम रु.४० करोड १५ लाख २ हजार अनुमान गरिएको छ ।

२ पूँजीगत खर्च शीर्षकमा जम्मा बजेट रकम रु.१० करोड २१ लाख ७२ हजार विनियोजन गरिएको छ । जसमध्ये आर्थिक विकास क्षेत्रमा ३० प्रतिशतले हुने रकम रु.३ करोड ६ लाख ५२ हजार, सामाजिक विकास क्षेत्रमा २० प्रतिशतले हुने रकम रु.२ करोड ४ लाख ३४ हजार, पूर्वाधार विकास क्षेत्रमा ४० प्रतिशतले हुने रकम रु.४ करोड ८ लाख ६९ हजार, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ५ प्रतिशतले हुने रकम रु.५१ लाख ९ हजार र सुशासन तथा संस्थागत विकास क्षेत्रमा ५ प्रतिशतले हुने रकम रु.५१ लाख ९ हजार विनियोजन गरिएको छ ।

३. चालु खर्च शीर्षकमा जम्मा रु.१२ करोड ४ लाख ३८ हजार बजेट विनियोजन गरिएको छ । जसमध्ये गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय तहका कर्मचारीहरुको पारिश्रमिक लगायत विभिन्न संस्थागत कार्यालय व्यवस्थापन र कार्यक्रम सञ्चालनको लागि व्यवस्था मिलाइनेछ।

४. सशर्त कार्यक्रममा जम्मा १५ करोड ५२ लाख विनियोजन मध्ये सशर्त अनुदान चालुमा बजेट रकम रु.१२ करोड ६९ लाख विनियोजन मध्ये गाउँपालिका अन्तर्गत रहेका विद्यालय, स्वास्थ्य संस्था र संघीय कार्यक्रमका कर्मचारीहरुको तलव भत्ता तथा संघीय सरकारबाट निरन्तर रुपमा चली आइरहेको कार्यक्रमहरुका लागि विनियोजन रहेको छ र सशर्त अनुदान (पूँजीगत) बजेट रकम ७८ लाखबाट नेपाल जलवायु नमुना कार्यक्रममा रु.५० लाख र स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यको लागि रु.२८ लाख विनियोजन रहेकोमा सोही अनुसार कार्य गरिनेछ र सम्पूरक अनुदानमा छुट्याइएको बजेट रकम रु.१ करोड ५ लाखबाट सम्पूरक अनुदान संचालन कार्यविधिमा तोकिएको शर्त अनुसार स्थानीय तहबाट आवश्यक रकम साझेदारी गरी चक्रघट्टा गाउँपालिकाको १ देखि ९ नं. वडाको वडा कार्यालय भवन निर्माण कार्य शुरु गरिनेछ र विशेष अनुदानमा विनियोजन रहेको बजेट रकम रु. १ करोडबाट डिप ट्युववेल जडान कार्य गरिनेछ ।

५. चक्रघट्टा गाउँपालिकालाई लक्षित गरी प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा संचालनमा रहेका RDC Nepal र RRPK लगायत Aasma Nepal तथा सामुदायिक दिगो विकास समाज जस्ता संस्थाहरुबाट चक्रघट्टा गाउँपालिकामा

रहेका लक्षित वर्गहरुलाई सेवा प्रवाह गर्दै रहेकोमा अझै सेवा प्रवाहको अपेक्षा सहित सम्पूर्ण संस्थाहरुलाई गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद छ ।

६. चक्रघट्टा गाउँपालिकाको स्रोत अनुमानत तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त भएको बजेटको खाका प्रस्तुत गरिएको छ । यस उप्रान्त कुनै दातृ संघ, संस्था वा नेपाल सरकारबाट आउने थप अनुदानको हकमा गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यकता बमोजिम सम्बन्धित क्षेत्रमा विनियोजन गरी सोही अनुरुप कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

**अब म आ.व. २०८३/०८४ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

**आर्थिक विकास तर्फ :**

१. चक्रघट्टा गाउँपालिका वडा नं. १ देखि ९ सम्मका कृषि योग्य जमिनलाई उत्पादनमुखी बनाउन कृषि विद्युतीकरण कार्यको चालु आ.व. २०८२/०८३ को बजेट रकम रु. ३ करोड र अगामी आ.व. २०८३।०८४ मा रु.२ करोड ५० लाख गरी कुल बजेट रकम रु.५ करोड ५० लाखको सम्झौता गरी आ.व.२०८३।०८४ मा चक्रघट्टा गाउँपालिकाको कृषि विद्युतीकरणको सम्पूर्ण कार्य सम्पन्न हुने कार्य गरिएको छ ।

२. भैंसीपालन, गाइपालन, बाख्रापालन तथा कुखुरापालन गर्ने किसानहरुलाई व्यवसाय दर्ता गराई अझै प्रभावकारी बनाउन व्यवसायी र गाउँपालिकाको साझेदारीमा विशेष अनुदानको व्यवस्था मिलाइनेछ साथै व्यवसायीलाई गाउँपालिकाको आर्थिक सहयोगमा समय-समयमा आवश्यक तालिमको व्यवस्था मिलाउनुको साथै निःशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।

३. पशु उपचारको लागि निःशुल्क औषधी वितरणको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४. पशु स्वास्थ्य शिविर संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

५. लम्पी स्कीन रोग नियन्त्रणको लागि खोप सेवा संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

६. अनुदानमा आधारित उन्नत गहुँको बिउ वितरणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

७. विषादी न्यूनीकरणको लागि जैविक तरकारी खेती सम्बन्धी तालिममा आवश्यक रकम बजेट विनियोजन गरेको छु ।

८. च्याउ खेती तथा तालिमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत खोलिएका विभिन्न ठुला/मझौला/साना उद्योगहरु तथा पसल व्यवसायीहरुलाई गाउँपालिकामा व्यवसाय दर्ता गराई बार्षिक रुपमा अध्यावधिक गर्न नविकरणको व्यवस्था मिलाईनेछ तथा गाउँपालिकाको रेकर्डमा दर्ता रहेका व्यवसायीहरुलाई व्यवसाय प्रभावकारी बनाउन आवश्यक तालिमको

व्यवस्थापन गरी बैंक वित्तिय संस्थासँग समन्वय गरी ऋण तथा अनुदान सहयोगको लागि गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।

१०. चक्रघट्टा गाउँपालिकामा रहेका बेरोजगार यूवाहरुको लागि रोजगार योजनाको आधारमा गैर सरकारी संघ संस्था, लघुवित्त तथा ऋण लगानी कर्ता संस्थाहरुसँग समन्वय गरी रोजगार प्रवर्द्धन तर्फ आवश्यक पहल गरिनेछ ।

११. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका विभिन्न बजारमा रहेका खुल्ला तथा थोक बिक्रेताको कर दायरा तोकी प्रति बजार कर तिर्ने व्यवस्था मिलाई हाट बजारको ठेक्का बन्दोवस्त गरिनेछ ।

१२. चक्रघट्टा गाउँपालिका वा अन्तर्गतबाट संचालनमा रहेका सवारीहरुलाई पार्किङ्गको व्यवस्थापन गर्ने आवश्यक पहल गरिनेछ ।

१३. गाउँपालिका अन्तर्गत विज्ञापनको लागि लगाइएको बोर्ड तथा बैनरहरुमा राजश्व परामर्श समितिले निर्धारण गरेको शुल्क बार्षिक रुपमा तिर्ने व्यवस्था मिलाइएको छ।

१४. गाउँपालिका अन्तर्गत सूचीकृत रहेका किसानहरुको विवरण यकिन गरी गाउँपालिकाबाट भए गरेको कार्यको सूचनालाई प्रभावकारी बनाउन अपडेट गर्ने कार्य गरिनेछ ।

१५. गाउँपालिका अन्तर्गतका सरोकारवालाहरुलाई डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी अभिमुखिकरण एवं प्रवर्द्धन कार्यक्रम गरिनेछ ।

१६. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुन: क्रियाकलाप सञ्चालन जस्ता कार्यक्रममा शतप्रतिशत लगानी गरी कार्यक्रम प्रभावकारी गराइनेछ ।

१७. चक्रघट्टा गाउँपालिका अन्तर्गतका श्रमिकहरुलाई श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१८. रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।

१९. सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।

२०. सुनौला हजार दिनका दलित/विपन्न महिलाहरुलाई लक्षित गरी पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यको लागि स्वास्थ्य, शिक्षा, कृषि/पशु, सरसफाई तथा वातावरण तथा महिला विकासलाई प्रभाव पर्ने आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२१. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका उन्नत बीउ वितरकलाई आवश्यक प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ ।

२२. चक्रघट्टा गाउँपालिकामा खेतीमा निर्भर भई काम गर्ने किसानहरुलाई खाद्यान्न बालीलाई अझै बढी उत्पादन मुखी बनाउन खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदानको व्यवस्था मिलाइनेछ ।

२३. गाउँपालिका अन्तर्गत कृषिमा आधारित रहेका महिलाले कृषि कार्यक्षेत्र तर्फ व्यवसायिक दृष्टिकोणले अझ आयस्रोत बृद्धि गर्ने लक्ष्यले सामूहिक रुपमा कार्य गर्न चाहने महिला कृषि समूहलाई आवश्यक तालिमको व्यवस्था मिलाई गाउँपालिका अन्तर्गत रहेका वित्तिय

संस्थाहरुसँग ऋण अनुदानको व्यवस्था मिलाउन आवश्यक पहल गरी व्यवसायिकरण गरिनेछ ।

२४. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरल र प्रभावकारी बनाइनेछ ।

२५. आन्तरिक राजश्व अभिवृद्धि गर्न Online प्रणालीबाट राजश्व संकलन गरिनेछ ।

२६. गाउँपालिका कार्यालय वा अन्तर्गतबाट सिफारिश हुने पत्रमा नेपाल सरकारले तोकेको निःशुल्क सिफारिश सोही सरह हुने र सिफारिश पत्रको प्रकृति अनुसार राजश्व परामर्श समितिले तोकेको शुल्क अनुसार गाउँपालिकाले आवश्यक सिफारिश दस्तुर लिने व्यवस्था गरिएकोले कुन सेवाग्राहीले कुन दस्तुर वापत कति तिर्नु पर्ने हो सोको सूचना कार्यालयको अगाडी टाँस गरी सार्वजनिक रुपमा व्यवस्था मिलाइनेछ ।

२७. चक्रघट्टा गाउँपालिकाका कृषकहंरुको उत्पादन अभिवृद्धि गर्न लाग्ने मलखाद्यमा गाउँपालिका अन्तर्गत रहेका डिलरबाट खरिद गरेमा प्रति बोरा २०० को दरले छुटको व्यवस्था मिलाइनेछ र गाउँपालिकाबाट मलखाद्य विक्री वितरण गर्ने डिलरलाई छुट बराबरको अनुदान रकम गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

२८. लघुउद्यम विकास कार्यक्रमद्वारा आयआर्जन कार्यको लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्य गरिनेछ साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत योजनामा लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

२९. चक्रघट्टा गाउँपालिका अन्तर्गत पशु व्यवसायमा तथा पशुपालन गरी रहेका किसानहरुको पशुहरुलाई आकस्मिक महामारी रोग नियन्त्रण, आधारभुत प्रयोगशाला र कृत्रिम गर्भाधान मिसनको आवश्यक कार्यक्रम गराइनेछ ।

**सामाजिक विकासतर्फ :**

१. स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरणको लागि औषधि तथा औषधि जन्य सामाग्री खरिदको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. स्वास्थ्य संस्था संचालनको लागि आवश्यक औजार, उपकरण तथा सरसमान खरिद कार्यको लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

३. गर्भवती, सुत्केरी महिलाहरुको लागि निःशुल्क आइरन र क्याल्सियम चक्की वितरण कार्यको लागि आइरन र क्याल्सियम चक्की खरिद कार्यको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

४. महिला स्वयं सेविकालाई आमा समूहको बैठकमा खाजा, स्वास्थ्य संस्थामा मासिक रिपोर्टिङ गरे वापतको खर्च, बैठक संचालनको लागि त्रिपाल खरिद, गाउँघर क्लीनिक संचालनको लागि स्वास्थ्य कर्मी परिचालन खर्च, स्वास्थ्य विमा तथा ६० बर्षभन्दा माथिका स्वयं सेविकालाई अवकाश विदाईको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

५. स्वास्थ्य संस्था व्यवस्थाप खर्चको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७. १५ शैयाको आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन र ल्याब व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

८. पोषण मैत्री स्वास्थ्य संस्था घोषणाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

९. क्षयरोग मुक्त पालिका कार्यक्रम संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

१०. चक्रघट्टा गाउँपालिका अन्तर्गत मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार खर्च वापत संघीय सरकारले तोके बमोजिमको मासिक रु.५ हजार दरले उपलब्ध गराइनेछ ।

११. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रुपमा संचालनमा रहनेछ ।

१२. चक्रघट्टा गाउँपालिकालाई पालिकास्तरीय खाद्य सुरक्षा निर्देशक समिति, वडास्तरीय खाद्य सुरक्षा निर्देशक समितिलाई विभिन्न माध्यमबाट पोषण सम्बन्धि छलफल गराई गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउनका लागि आवश्यक कार्यक्रम गरिनेछ ।

१३. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका अपाङ्ग युवाहरुलाई आत्मनिर्भर बनाउनको लागि आयमुलक सीप विकास तालिमको व्यवस्था मिलाइनेछ ।

१४. स्वास्थ्य संस्थाहरुको प्रगति प्रतिवेदन अपडेट कार्य गर्नको लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाई PAMS V2 सम्बन्धि अभिमुखिकरण कार्य गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरुको गतिविधि मापण कार्यको लागि नियमित तथ्यांकको गुणस्तर बृद्धिका लागि मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक, बार्षिक समिक्षा गरिनेछ ।

१६. कुकुरमा रेबिज नियन्त्रणका लागि आवश्यक कार्यक्रम गरिनेछ ।

१७. प्रजनन रुग्णता स्वास्थ्य सेवा, परिवार योजना सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा जस्ता आवश्यक कार्यक्रम गरिनेछ ।

१८. पोषणको आवश्यकता, पहिचान तथा अवस्थालाई ध्यानाकर्षन गरी आवश्यक पोषण कार्यक्रम संचालन गरिनेछ ।

१९. स्थानीय तहमा रहेका मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरण सेवा, रक्त संचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम गरिनेछ ।

२०. स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम संचालन गरिनेछ ।

२१. स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम, निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरुको खोजपड्ताल तथा निगरानी, खोप महिना, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन कार्य गरिनेछ ।

२२. आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेष कार्य गरिनेछ ।

२३. क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि. बिरामीका घर परिवारका सदस्यहरुको सम्पर्क परीक्षण गरिनेछ ।

२४. मदिराजन्य तथा सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रणका लागि बैठक, अनुगमनका साथै यसका न्युनिकरणका लागि संचार कार्यक्रम गरिनेछ ।

२५. "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम गरिनेछ ।

२६. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम गरिनेछ ।

२७. समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग तथा जनचेतना कार्यक्रम संचालन गरिनेछ।

२८. डेंगी तथा अन्य कीटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण, हात्तीपाइले रोग विरुद्ध आम औषधि सेवन अभियान, हात्तीपाइल्का विरामीहरुको स्वकालाजार ए सी डी, निवारण उन्मुख रोगहरुको केश अनुसन्धान, निगरानी र माईग्रन्ट केन्द्रित कृयाकलाप संचालन गरिनेछ ।

२९. द्रुत प्रतिकार्य समितिको नियमित बैठक तथा द्रुत प्रतिकार्य टोली अध्यावधिक गरिनेछ ।

३०. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद कार्य गरिनेछ ।

३१. स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप, अनुगमन तथा सुदृढिकररण समेत) गरिनेछ ।

३२. जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन/स्थापनाका लागि आवश्यक कार्य गरिनछ ।

३३. चक्रघट्टा गाउँपालिकामा बिउ, बिजन तथा बिरुवा उत्पादन गर्ने कार्यमा सफल हुने १ जना किसानलाई प्रत्येक बर्ष आवश्यक सम्मान कार्यक्रम गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

३४. गाउँपालिकाबाट प्रदान गरिने प्रारम्भिक सेवाहरु लाभग्राहीहरुले लिएको सेवाहरुको विवरण व्यवस्थित गर्न प्रवाह भएको गतिविधिलाई रुजु सूचीकार्डको व्यवस्था मिलाई सेवा प्रवाहको रुजु गरिनेछ ।

३५. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको लागि आवश्यक औषधी, केमिकल तथा उपकरण खरिदको व्यवस्था मिलाइनेछ ।

३६. चक्रघट्टा गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक पहल गरिनेछ ।

३७. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक संस्थाहरु तथा व्यक्तिगत घरमा प्रयोगमा ल्याएका खानेपानीलाई आर्सेनिक जाँच गरी शुद्ध पानी भएको वा नभएको यकिन गरी शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ ।

३८. गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको पारिश्रमिक रकम रु.२०,०००।- मा हुने अपुग रकम गाउँपालिकाको तर्फबाट व्यवस्था मिलाइएकोले सो कार्यलाई निरन्तरता गरिनेछ ।

३९. लैंगिक हिंसा, लागु औषध लगायत विभिन्न जनचेतना सम्बन्धि अभियान संचालन गरिनेछ ।

४०. गुणस्तरीय तथा सीपमूलक जीवन उपयोगी शिक्षाको मूल मर्म बमोजिम शिक्षामा आम नागरिकको पहुँच पुऱ्याई सक्षम र सभ्य समाजको निर्माणको जोड दिइनेछ ।

४१. पूर्ण साक्षर पालिका घोषणा गर्ने सम्बन्धित सरोकारवाला निकायसँगको सहकार्य र समन्वयमा जोड दिइनेछ । यस अन्तर्गत ९ वटै वडामा साक्षरता कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. आ.व.२०८३।०८४ मा पालिका भित्रका कम्तिमा एक विद्यालयलाई Smart विद्यालय बनाई प्रविधिको माध्यमबाट पठन-पाठन हुने व्यवस्था मिलाइनेछ ।

४३. आ.व. २०८३।०८४ मा प्रत्येक विद्यालयको बालविकास कक्षादेखि कक्षा ३ सम्म बालमैत्री बनाउने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. श्री जनता माध्यमिक विद्यालय चक्रघट्टा ८ औरही तथा श्री जनता माध्यमिक विद्यालय चक्रघट्टा ५ पडरियामा कक्षा ११ र १२ (+२) को संचालन तथा व्यवस्थापनको लागि अनुदान रकमको निरन्तरता गरिएको छ ।

४५. प्रारम्भिक बालविकास कक्षाको लागि अंग्रेजी माध्यमको पाठ्य-पुस्तक र आधारभूत तहसम्मका स्थानीय भाषा विषयको साटो अतिरिक्त पाठ्य-पुस्तक खरद गरी निःशुल्क वितरण गरिनेछ ।

४६. पठन-पाठन कार्यलाई अझै प्रभावकारी बनाउन शैक्षिक भ्रमणको व्यवस्था मिलाइनेछ ।

४७. निःशुल्क शिक्षाको अवधारण बमोजिम सामुदायिक विद्यालयहरुमा परीक्षा व्यवस्थापन खर्चलाई निरन्तरता गरिएको छ ।

४८. पालिकास्तरीय अतिरिक्त क्रियाकलापहरु (खेलकुद, हाजिरी जवाफ, वकतृत्वकला, नृत्य, गीत, संगित, वादविवाद आदि) संचालन गरी उत्कृष्ट छात्रछात्रा तथा विद्यालयलाई पुरस्कृत गर्ने नीति अगाडी बढाइनेछ ।

४९. गाउँपालिका क्षेत्र भित्रमा खेलकुद विकासका लागि आवश्यक पूर्वाधार एवं विभिन्न खेलकुद संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. सबै सामुदाकिय माध्यमिक विद्यालयहरुमा Science Lab, ICT Lab र पुस्तकालयको स्थापना तथा स्तरोन्नती गरिनेछ ।

५१. व्यवस्थित विद्यालय हाम्रो दायित्व अवधारणा अनुसार बालमैत्री सफा सुधर शौचालय, शुद्ध खानेपानी र आधुनिक कक्षाकोठाको व्यवस्था मिलाइनेछ ।

५२. पालिका भित्र संचालनमा रहेका प्रत्येक संस्थागत विद्यालय, धार्मिक विद्यालय, कोचिङ सेन्टर तथा सिकाई केन्द्रलाई प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार मुलधारमा ल्याइनेछ ।

५३. माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक धारको शिक्षाको पहुँचको व्यवस्था मिलाइनेछ ।

५४. यस गाउँपालिकामा बहुप्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

५५. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

५६. सामुदायिक विद्यालयहरुमा कक्षा, विषय र विद्यार्थीको अनुपातमा आवश्यकता अनुसारको स्वयंसेवक शिक्षक, कर्मचारीको व्यवस्था मिलाइनेछ ।

५७. सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास शिक्षक र विद्यालय सहयोगीलाई पालकाको तर्फबाट दिदै आएको थप तलव भत्तालाई निरन्तरता दिएको छु ।

५८. सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधिसँग जोड्न आवश्यकता अनुसार एक/एक थान कम्प्युटर, प्रिन्टर, ल्यापटप र प्रोजेक्टरको व्यवस्था गरिनेछ ।

५९. Safe, Peace, Green and Clean School को अवधारणालाई निरन्तरता दिदै प्रत्येक सामुदायिक विद्यालयलाई मूल्यांकनको आधारमा अनुदान उपलब्ध गराइनेछ ।

६०. चक्रघट्टा गाउँपालिकामा स्थायी बसोबास भई चक्रघट्टा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट SEE उत्तीर्ण गरी MBBS, Engineering वा सो सरहका प्राविधिक विषयहरुमा पूर्ण छात्रवृत्ति सूचीमा नाम निकाल्न सफल भई अध्ययनरत विद्यार्थीहरुलाई एक पटकको लागि जनही रु.१ लाख प्रोत्साहन छात्रवृति प्रदान गरिनेछ ।

६१. संघीय सरकारबाट तोकिएको प्र.अ. भत्तालाई मध्य नजर गरी स्थानीय तहबाट प्र.अ. भत्तामा आवश्यक थप भत्ताको सुविधा उपलब्ध गराइनेछ ।

६२. गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत किशोरीहरुको लागि सेनेटरी प्याडको व्यवस्था मिलाइनेछ ।

६३. चक्रघट्टा गाउँपालिका अन्तर्गत हुन सक्ने लागू औषधको दुरुपयोग एवं ओसारपसार जस्ता क्रियाकलापलाई रोक्न आवश्यक पहल गरिनेछ ।

६४ स्थानीय साझेदारीमा बाल विवाह तथा दाइजोप्रथा अन्त्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

६५. चक्रघट्टा गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा संघीय सरकारबाट प्राप्त दिवा खाजा अनुदान रकमबाट लाभान्वित बालबालिकाहरुलाई विषादीमुक्त र पोषणयुक्त खाजामा ध्यानाकर्षण गरी अनुगमनको व्यवस्था मिलाइनेछ ।

६६. बालसंरक्षण कोष स्थापनाको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

६७. बालश्रम अन्त्यको लागि जनचेतनामूलक कार्यक्रममा आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

६८. अपाङ्गहरुको सहायक सामाग्री खरिद तथा सीप विकास तालिमको लागि आवश्यक बजेट रकमको व्यवस्थापन गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ :**

१. गाउँपालिकाको सार्वजनिक जग्गा (मूल सडक, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक स्थलमा) बृक्षारोपण गरी हराभरा चक्रघट्टा बनाउने व्यवस्था मिलाइनेछ।

२. सार्वजनिक स्थल (विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल) जस्ता स्थानमा सुविधा सम्पन्न खानेपानी तथा शौचालयको व्यवस्थापन गरिनेछ ।

३. पालिका अन्तर्गत विभिन्न सार्वजनिक ठाउँमा नवीकरणीय उर्जा प्रविधिको जडानमा आवश्यक कार्य गरिनेछ ।

४. चक्रघट्टा गाउँपालिकाको ९ वटै वडामा फोहरमैला व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ।

५. अनावश्यक रुपमा छरिएर रहेका प्लाष्टिकको झोलालाई व्यवस्थित गर्न प्लाष्टिक झोलालाई बिक्री वितरणबाट रोक लगाई कपडाको झोला परिचालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

६. चक्रघट्टा गाउँपालिकामा आइपर्ने विपदलाई व्यवस्थापन गर्न प्रत्यक्ष रुपमा पर्ने जोखिम क्षेत्रमा विपद् प्रतिकार्य गर्नको लागि समूह गठन गर्ने र उक्त समूहलाई आवश्यक पर्ने श्रोत साधनको व्यवस्था मिलाइनेछ ।

७. स्थानीय जलवायुको परिकल्पणा गरी त्यसलाई सुदृढ गर्न एउटा जलवायु नमूना कार्यक्रम संचालन गरिनेछ ।

८. विपद् सम्बन्धित जनचेतना तथा विपद् न्यूनिकरणका लागि विविध कार्यक्रम आवश्यक बजेट विनियोजन गरेको छु ।

**भौतिक पूर्वाधारतर्फ :**

१. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक सडकहरुलाई अझै व्यवस्थित गर्न पक्की सडक स्तरोन्नती तर्फ आवश्यक कार्य गरिनेछ ।

२. चक्रघट्टा गाउँपालिकाका किसानहरुको आवश्यकताको आधारमा कृषि सडक निर्माण तथा स्तरोन्नती गर्न आवश्यक कार्य गरिनेछ ।

३. चक्रघट्टा गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मको वडा कार्यालयको भवन निर्माण कार्य शुरु गरिनेछ ।

४. विद्यालय शिक्षा क्षेत्रलाई सुधारको लागि स्वीकृत गुरुयोजनाका आधारमा एउटा विद्यालयमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ ।

५. आवश्यकताको आधारमा डिप ट्युववेल जडान कार्य गरिनेछ ।

६. किसानहरुको कृषि कार्यका आधारमा आवश्यकता अनुसार कुलो, पैनी निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिका अन्तर्गत निर्मित घरहरुलाई अभिलेखीकरण र घर नक्सा पासको व्यवस्था मिलाइनेछ ।

८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी

ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित गरिनेछ ।

९. गाउँपालिकाको सीमाक्षेत्र तथा विभिन्न चौकमा गाउँपालिकाको पहिचानको लागि होडिङ्ग बोर्डको व्यवस्थापन गरिनेछ ।

१०. स्थानीय भू-उपयोग नीति अनुरुप निरन्तर रुपमा कार्य संचालन गरिनेछ ।

११. चक्रघट्टा गाउँपालिको कार्यालय र ९ वटै वडा जोड्ने मुख्य सडकहरुलाई कालोपत्र गर्न आवश्यक पहल गरिनेछ ।

१२. कृषि व्यवसायीकरण तथा बजारीकरण र आवतजावतमा सहजता प्रदान गर्न चक्रघट्टा गाउँपालिकाको वरिपरि चक्रपथ निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

१३. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका विभिन्न बजारहरुलाई व्यवस्थित गरिनेछ ।

१४. चक्रघट्टा गाउँपालिका अन्तर्गतका सार्वजनिक स्थल/भवन/सडकहरु आवश्यकताका आधारमा तुरुन्त मर्मत सम्भार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१५. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका अधुरा योजनाहरुलाई पूर्ण रुपमा व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**संस्थागत विकास :**

१. गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयको अधुरो भवनका पूर्वाधारहरुलाई पूर्ण रुपले व्यवस्थित गर्न सुविधा सम्पन्न भवन पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

२. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुको विवरण डिजिटल सूचना बोर्डबाट सेवा प्रवाहको जानकारी गराइनेछ ।

३. गाउँपालिकाको सेवाप्रवाहमा आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

४. गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा ईलेक्ट्रोनिक्स हाजिरीको व्यस्थापान गरी मोनिटरिङ्ग गर्नको लागि गाउँपालिकाको कार्यालयमा व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिका, स्वास्थ्य संस्था र विद्यालयमा कार्यरत कर्मचारी तथा शिक्षकलाई क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा रहेका कर्मचारीहरुलाई गाउँपालिकाको आवश्यकता तथा निज कर्मचारीहरुको कार्य सम्पादनको आधारमा म्याद थप गर्ने व्यवस्था मिलाइनेछ ।

७. चक्रघट्टा गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुको क्षमता अभिवृद्धि तथा पूनर्ताजगीका लागि अवलोकनात्मक भ्रमणको व्यवस्था गरिनेछ ।

८. गाउँपालिका तथा गाउँपालिका अन्तर्गतबाट प्रवाह हुने सेवाहरुलाई दुरुस्त बनाउन १ जना कर्मचारीलाई गुनासो सुनवाई अधिकारी तोकी सेवा लिन आउने सेवाग्राहीको

आवश्यकता अनुसार सेवा प्रवाह गर्न मूल दर्ता रजिष्टरको व्यवस्था गरी सेवा प्रवाह समयमा भएको वा नभएको दैनिक रुपमा प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ ।

९. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत सेवा लिन आउने सेवाग्राहीहरुलाई आवश्यक पर्ने सम्पूर्ण फाराम गाउँपालिकाको कार्यालयले व्यवस्था मिलाउनेछ र सो वापतको गाउँपालिकाले तोकेको न्यूनतम दर बाहेक अतिरिक्त कुनै किसिमको दस्तुर तिर्न नपर्ने व्यवस्था मिलाइनेछ ।

१०. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्न निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

११. चक्रघट्टा गाउँपालिकाको तथ्यांक अद्यावधिक गरी विभिन्न सेवाहरु प्रवाह गर्न गाउँपालिकाबाट तयार भएको Digital Profile लाई अपडेट गर्ने व्यवस्था मिलाइनेछ।

१२. चक्रघट्टा गाउँपालिका र अन्तर्गत कार्यालयबाट हुने सेवाप्रवाह निष्पक्ष, पारदर्शी एवं भ्रष्टाचारमुक्त बनाउन संचारकर्मीसँग आवश्यक सहकार्य गरिनेछ ।

१३. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय आवश्यकता अनुसार व्यवस्थापन गरी सेवा प्रवाह चुस्त दुरुस्त गरिनेछ ।

१४. महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन अनुसार चक्रघट्टा गाउँपालिकाको नाममा देखिएको नियमित गर्नुपर्ने बेरुजु, सैद्धान्तिक बेरुजु तथा पेश्की बेरुजुलाई न्यून गर्न लेखा समितिलाई सक्रिय गरी आवश्यक कार्य अघि बढाइनेछ ।

१५. संघीय कार्यक्रमबाट नियुक्त भएका कर्मचारीहरुलाई सोही कार्यक्रमबाट पारिश्रमिक उपलब्ध गराउने र अपुग हुन आउने रकम स्थानीय तहबाट व्यवस्थापन गरिनेछ ।

१६. चक्रघट्टा गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।